नेपाल सरकार
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

# शिक्षा विकास तथा समन्वय इकाई

**कास्की**
**२०७५**

फोन नं. ०६१-५७१०९७,५७०१४७
website:www.deokaski.gov.np

पत्र सं. २०८२।०८३
च.नं. ४९८

मितिः२०८२।०९।२८
ने स ११४६ पोहेलागा नवमी

**माध्यमिक तहको स्थायी अध्यापन अनुमतिपत्र वितरण सम्वन्धी सूचना !!!**

शिक्षक सेवा आयोगको वि न ४३/०८२/८३ को माध्यमिक तहको स्थायी अध्यापन अनुमति पत्रको लिखित परीक्षामा गण्डकी प्रदेशवाट परीक्षामा समावेश भइ उत्तीर्ण उम्मेदवारका अध्यापन अनुमति मिति २०८२/०९/२९ देखी वितरण हुने भएकोले उत्तीर्ण उम्मेदवारले देहायका कागजात सहित स्वयम् उपस्थित भई शिक्षा विकास तथा समन्वय इकाई, कास्कीमा सम्पर्क गर्नुहुन अनुरोध छ ।अन्य प्रकृया तपसिल अनुसार रहेको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि अनुरोध छ ।

<u>तपसिल</u>

क. आवश्यक कागजातहरु ( अनिवार्य रुपमा फाईल तयार गरी पेश गर्नुपर्ने),

१ तोकिएको वमोजिमको पूर्ण रुपले भरिएको निवेदन (कार्यालयवाट प्राप्तहुने ),

२ शैक्षिक योग्यताको हकमा माध्यमिक शिक्षा देखि तोकिएको न्युनतम शैक्षिक योग्यतासम्मका शैक्षिक योग्यता प्रमाणपत्र (SLC/SEE,12/+2,BACHELOR का मार्कसिट/ग्रेडसिट ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणप्रत्रहरुका प्रतिलिपि),

३ हालसालै खिचेको पासपोर्ट साईजको दुइ प्रति फोटो,

४ प्रवेशपत्रको प्रतिलिपि,

५ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

६ विदेशी शैक्षिक संस्थावाट हासिल गरेको शैक्षिक योग्यताको हकमा समकक्षताको प्रमाणपत्र,

७ शिक्षा विषयमा कम्तिमा १० महिने तालिम प्राप्त प्रमाणपत्र ( मान्यता प्राप्त शिक्षण संस्था/ शिक्षाशास्त्र संकायवाट स्नातक वा स्नातोकत्तर तह उत्तीर्ण गरेको भए उक्त योग्यता नै तालिम प्राप्त हुने छ, तर गणित, विज्ञान, अंग्रेजी, अर्थशास्त्र, कम्प्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ, वालि विज्ञान र पशुविज्ञानवाट स्नातक वा स्नातोकत्तर तह उत्तीर्ण गरेकाको हकमा तालिम नलिए पनि मान्यता हुने),

ख. उल्लेखित प्रतिलिपि कागजातहरु उम्मेदवारले सक्कल बमोजिम नक्कल ठिक छ भन्ने व्योहोरा प्रमाण पत्रको पछाडी लेखी उम्मेदवारले दस्तखत गरी पेश गर्नु पर्नेछ र फाइलको वाहिर उम्मेदवारको नाम रोल नं, स्थायी ठेगाना र परीक्षा केन्द्र स्पष्टसँग लेखी फाइलमा पेश गर्नु पर्नेछ ।

ग. अध्यापन अनुमतिपत्र लिनका लागि स्वयम् उपस्थित हुनु पर्नेछ, व्यक्ति स्वयम् उपस्थित हुन नसक्ने भएमा सम्वन्धित व्यक्तिको मञ्जुरीनामा र मजुरीनामा लिइ आउने व्यक्तिको नागरिकताको प्रमाण पत्र वा नेपाल सरकारवाट जारी गरेको परिचय खुल्ने परिचयपत्रका साथ माथी उल्लेखित सम्पूर्ण कागजात लिएर आउनु पर्नेछ ।

नोटः अध्यापन अनुमतिपत्रमा भएको व्यक्तिगत विवरण राम्रोसँग रुजु गरेर मात्र लैजानुहुन अनुरोध छ।

२०८२।०९।२८

बलराम भुगाई
शाखा अधिकृत